फोन नं : ०६७-४३०१०२,१०३,१०४

फलेवास नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८१/८२
च.नं. : ११०६०

मिति : २०८१।१०।१५

**विषय :** समिति गठन गरि काम अगाडि वढाउने सम्वन्धमा ।

**श्री वडा कार्यालयहरु सवै**

**फलेवास नगरपालिका, पर्वत ।**

प्रस्तुत बिषयमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ को दफा ९ अनुसारको वडा स्तरीय गुनासो सुनुवाई सहजीकरण समिति गठन गरि उक्त गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाइ मार्गदर्शनले तोके अनुसारको काम गर्नु गराउनुहुन अनुरोध गरिन्छ । साथै गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ र गरिब परिवारको प्रारम्भिक सूची तथा सम्पूर्ण परिवारको विस्तृत विवरण सूची यसैसाथ पठाईएको छ ।

०८१।१०।१५

**कृष्ण प्रसाद आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner

(घ) मन्त्रालयमा पठाउँदा प्रारम्भिक सूचिमा गरिबको बर्गीकरणमा परेको परिवारलाई गरिब परिवारको सूचिबाट हटाउनुपर्ने भएमा स्पष्ट आधार र कारण खुलाई पठाउनु पर्नेछ।

(ङ) कुनै परिवार गरिब परिवारको प्रारम्भिक सूचिमा नपरेको र सो परिवारलाई गरिब परिवारको सूचिमा समावेश गर्न आवश्यक छ भन्ने सम्बन्धमा गुनासो सुनुवाइ समितिको छानविन पश्चात् सिफारिस भएमा कार्यपालिकाबाट निर्णय गरी अनुसूचि-६ बमोजिमको प्रश्नावली सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. **गुनासो सुनुवाइका लागि कर्मचारीको व्यवस्था :**

(क) उजुरी सुनुवाइको क्रममा सुनुवाइ समितिलाई सहयोग गर्न आवश्यक कर्मचारीको व्यवस्था गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा २२ को उपदफा (५) बमोजिम हुनेछ ।

(ख) उजुरी सुनुवाइको क्रममा सुनुवाइ समितिलाई सहयोग गर्न आवश्यक कर्मचारीको सुविधा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा २३ को उपदफा (३) बमोजिम हुनेछ ।

(ग) गुनासो सुनुवाइमा सहयोग गर्न भर्ना गरिने कर्मचारीको योग्यता लोक सेवा आयोगले राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक तर्फ) को पदको लागि तोके बमोजिम हुनेछ ।

(घ) गुनासो सुनुवाइ अधिकारीको छनौट गर्दा यस अघि गरिब परिबार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत स्थलगत तथ्याङ्क संकलन कार्यका लागि नियुक्त भई कार्य अनुभब प्राप्त सुपरिबेक्षक तथा गणकलाई प्राथमिकता दिनु पर्नेछ।

(ङ) गुनासो सुनुवाइ अधिकारीको छनौट गर्दा अपनाइने कार्यबिधि स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **गुनासो सुनुवाइ समिति :** स्थानीय तहमा गुनासो सुनुवाइ कार्यलाई सहजीकरण गर्न तपसिल बमोजिमका समिति गठन गर्ने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| (क) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) गाउँकार्यपालिका वा नगरकार्यपालिकाको प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित कार्यपालिकाको महिला सदस्य मध्ये १ जना | सदस्य |
| (घ) गुनासो सुनुवाइ अधिकारी १ जना | सदस्य सचिव |

९. **वडास्तरीय गुनासो सुनुवाइ सहजीकरण समिति :** वडास्तरीय गुनासो सुनुवाइ सहजीकरण समितिको काम गुनासो सुनुवाइ समितिको कार्यमा आवश्यक सहजीकरण गर्ने हुनेछ । वडा तहमा गुनासो सुनुवाइ कार्यलाई सहजीकरण गर्न तपसिल बमोजिमका समिति गठन गर्ने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| (क) सम्वन्धित वडा अध्यक्ष | संयोजक |
| (ख) दलित वा महिला वडा सदस्य मध्ये १ जना | सदस्य |
| (ग) तथ्याङ्क संकलन गर्न सम्बन्धित वडामा खटिएको गणक १ जना | सदस्य |
| (घ) सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |



CamScanner